फोन नं. ०१-४३७२७२५

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश, नेपाल

मितिः २०७७।०१।२४

# प्रेश विज्ञप्ती

विभिन्न संचार माध्यमद्धारा प्रकासित अन्य जिल्लाबाट **Lockdown** को पालना नगरी यस नगरपालिका अन्तरगत १३ वटा वडाका विभिन्न स्थानमा स्थायी वा अस्थाई रुपमा वसोवास गर्दै आउनु भएका महानुभावहरुले प्रवेश गरेका समाचारको सन्दर्भमा यस नगरपालिकाको ध्यानाकर्षण भएको छ । त्यस्ता व्यक्ति तथा महानुभावहरुले प्रवेश गर्दा कोरोना भाइरस रोगको संक्रमण फैलिन सक्ने प्रवल संभावना हुने भएकोले निम्न विधि पालिन गरी मात्र यस नगरपालिका क्षेत्र भित्र प्रवेश गर्न हुन अनुरोध गरिन्छ ।

निम्न :

- वाहिरी जिल्लाबाट कुनै व्यक्ति प्रवेश गर्दा स्वास्थ्य परिक्षण गरिएको र **Self Home Quarantine** मा पूर्ण अवधि वसी आएको भन्ने उल्लेख भएको सिफारिस पत्रहरु हुनु पर्ने छ ।
- यदि माथिको वूँदामा भनिएको बमोजिमको पत्रहरु नभएमा सम्वन्धी व्यक्ति वा घरधनीले यस वूढानीलकण्ठ नगरपालिका अन्तरगतका वडा कार्यालय वा स्वास्थ्य संस्थामा जानकारी गराउनु पर्ने छ ।
- विभिन्न जिल्लाबाट प्रवेश गरेका व्यक्तिहरु सम्वन्धित वडा कार्यालय तथा स्वास्थ्य संस्थाको निगरानीमा हुने छन् ।
- संकास्पद व्यक्तिलाई सम्वन्धित स्वास्थ्यकर्मीहरुले **COVID-19 Surveillance System** मा दर्ता गरी आवश्यक कागजात उपलव्ध गराई १४ दिन सम्म दैनिक रुपमा सम्वन्धित व्यक्तिले ज्वरो नापी **Self Home Quarantine** मा वस्नु पर्ने छ । स्वास्थ्यकर्मीले दिएको निर्देशन अनुसार व्यक्तिले नियम पालना गर्नु पर्ने हुन्छ ।
- स्वास्थ्यकर्मीहरुले एक दिन विराएर निजलाई टेलिफोन मार्फत अवस्थाको पहिचान र सूचना लिने र सो अनूसार आवश्यक तथ्य विवरण सम्वन्धित व्यक्तिले उपलव्ध गराउनु पर्ने हुन्छ ।
- **COVID-19 Surveillance** गरिने क्रममा निजलाई **COVID-19** लक्षण तथा संकेत (ज्वरो १००.४ फरनहाइट, खोकी/घाँटी दुःखेमा तथा स्वास् प्रश्वास्मा कठीनाई ) भएमा तुरुन्त सम्वन्धित स्वास्थ्य संस्था मार्फत जनस्वास्थ्य शाखा, बूढानीलकण्ठमा सम्पर्क गर्नु पर्ने हुन्छ ।
- निजलाई माथि उल्लेखित कोरोना भाइरस रोगको लक्षण तथा संकेत देखिएमा मात्र निम्न पायक पर्ने स्थानमा **Rapid Diagnostic Test** द्धारा **Anti-body Test** गरिने छ ।

  **RDT सेवा संचालन हुने स्थानहरु:**

  - बूढानीलकण्ठ स्वास्थ्य चौकी, चपलीघुम्ती, बू.न.पा. ३
  - कपन स्वास्थ्य चौकी, बू.न.पा. ११, कपन

अतः घरधनी महानुभावहरु उहाँहरुलाई माथि उल्लेखित विधिद्धारा निगरानीमा राख्ने व्यवस्थाको साथै नियम पालना गर्न गराउन हुन अनुरोध गरिन्छ । निजलाई हेला नगरौं घरैमा रोगको निगरानीमा सहयोग पुर्‍याउन र **Self Home Quarantine** मा वस्ने प्रवन्धमा सहयोग गर्न हुन यस नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

साथै हाल बूढानीलकण्ठ नगरपालिकाद्धारा ६ वटा स्वास्थ्य चौकी र २ वटा शहरी स्वास्थ्य केन्द्रमा आधारभूत स्वास्थ्य सेवाहरु तथा सो अन्तरगत खोप सेवा पनि निर्धारीत मिति र समयमा संचालन हुँदै आएको व्यहोरा सर्वसाधारणका लागि जानकारीको लागि अनुरोध गरिन्छ ।

**बूढानीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनस्वास्थ्य शाखा**
बागमती प्रदेश, काठमाण्डौं ।